# तयार रहनुहोस बाढी जाँचसूची

**MCCSA**
Multicultural Communities Council of South Australia

## बाढी आउनु पहिले

- ☐ तपाईंको क्षेत्रमा बाढी आउँछ कि आउँदैन भनेर आफ्नो स्थानीय काउन्सिललाई सोध्नुहोस्।
- ☐ तपाईंको बिमा नीति अद्यावधिक छ कि छैन र बाढीका लागि यसले तपाईंको क्षति बेहोर्छ कि बेहोर्दैन भन्ने जाँच गर्नुहोस्।
- ☐ तपाईंलाई बालुवाका बोराहरू चाहिने वा नचाहिने हो जाँच गर्नुहोस्।
- ☐ सुरक्षित रहन कहाँ जानपुर्छ र त्यहाँ जाने सुरक्षित मार्गहरूको बार थाहा पाउनुहोस्।
- ☐ आफ्नो परिवारसँग कुरा गर्नुहोस् र आपतकालीन योजना बनाउनुहोस्।
- ☐ आपतकालीन किट बनाउनुहोस्।
- ☐ आपतकालीन सम्पर्क नम्बरको सूची तयार पार्नुहोस् र त्यसलाई तपाईंको फोनमा वा फोनको नजिक राख्नुहोस्।

## चेतावनी जारी गरिएपछि

- ☐ तपाईंको आपतकालीन योजना सक्रिय गर्नुहोस्।
- ☐ तपाईंको आपतकालीन किट राखेको ठाँउ पत्ता लगाउनुहोस्।
- ☐ आफ्नो छिमेकीहरूको हालखबर बुझ्नुहोस्।
- ☐ तपाईंको मोबाइल फोन पुरा चार्ज भएको सुनिश्चित गर्नुहोस्।
- ☐ जानकारी, अद्यावधिक सुचना र सल्लाहका लागि स्थानीय र सामाजिक मिडिया जाँच गर्नुहोस्।
- ☐ तपाईंको शौचालय, नालीहरू तथा वरिपरिका ढोकाहरू र बाहिरी भेन्टिलसनहरू बालुवाको बोराले ढाक्नुहोस्।
- ☐ घरायसी सामानहरूलाई पानीको सम्भावित सतहभन्दा माथि राख्नुहोस्।

## बाढी आएको समय

- ☐ जानकारी, अद्यावधिक सुचना र सल्लाहका लागि स्थानीय र सामाजिक मिडिया जाँच गर्नुहोस्।
- ☐ अवरूद्ध मार्गहरूका बारे जानकारीको निगरानी गर्नुहोस्, police.sa.gov.au मा जानुहोस्।
- ☐ आफ्नो छिमेकीसँग सम्पर्कमा रहनुहोस्।
- ☐ आपतकालीन सेवाहरूको सल्लाह पालना गर्नुहोस्।
- ☐ बाढीको पानीमा वा त्यसको नजिकै बालबालिकाहरूलाई खेल्न नदिनुहोस्।

## बाढी पछि फर्कं दा

- ☐ जानकारी, अद्यावधिक सुचना र सल्लाहका लागि स्थानीय र सामाजिक मिडिया जाँच गर्नुहोस्
- ☐ भित्र जानुभन्दा पहिले बिजुली र ग्याँस बन्द गर्नुहोस्।
- ☐ भवनहरूको क्षतिका लागि निरीक्षण गर्न टर्चलाईट प्रयोग गर्नुहोस्।
- ☐ सुरक्षाको लागि जाँच नगरेसम्म ग्याँस वा बिजुली प्रयोग नगर्नुहोस्।

**Flood Warning Levels**

Advice | Watch & Act | Emergency Warning

जीवनलाई खतरामा पार्ने आपतकालीन फोन 000

आपतकालीन सहायता फोन 132 500

थप जानकारीको लागि फोन 1800 362 361

यो सन्देश र अन्य सम्बन्धित जानकारीको लागि
**www.ses.sa.gov.au** हेर्नुहोस्
Multicultural Communities Council of SA द्वारा समर्थित

Government of South Australia

SES RESCUE

**Multicultural Communities Council of South Australia**
113 Gilbert Street, Adelaide SA 5000
**PHONE** (08) 8345 5266
**E** mccsa@mccsa.org.au
**www.mccsa.org.au**